**कोरोना भाइरस सम्बन्धमा प्रदेश ५ को अवस्था**
**बाँके। ०७७ वैशाख १९ गते**
प्रदेश ५ मा पहिलो पटक एक साथ दुई जनामा कोरोना भाइरस सङ्क्रमण पुष्ट्रि भएको छ। रुपन्देही र बाँके जिल्लाका दुई जनामा कोरोना भाइरस सङ्क्रमित भएको पुष्ट्रि भएको हो । रुपन्देही जिल्लाको कोटहीमाई गाउँपालिकाको क्वारेण्टाइनमा रहेका २५ वर्षीय पुरुष र बाँके जिल्ला नेपालगञ्जका ६० वर्षीय पुरुषमा कोरोना भाइरस सङ्क्रमण पुष्ट्रि भएको हो ।
प्रदेश ५ को समाजिक विकास मन्त्रालयका अनुसार वैशाख १९ गते २ सय ५ जनाको आरडीटी र ४९ जनाको स्वाब परीक्षण गरिएको छ ।
लामो समय लकडाउनका कारण अलपत्र परेका नागरिकहरू गन्तव्यमा पु¥याउन वैशाख २० गते देखि हुम्ला जिल्लाको सिमिकोट हवाई सेवा सञ्चालन हुने भएको छ ।
दाङ जिल्लाको बबई र दङ्गीशरण गाउँपालिका अहिलेसम्म कीट नपुगेका कारण आरडीटी परीक्षण हुन सकेको छैन ।

**इन्सेक रुपन्देही जिल्ला प्रतिनिधि रीमा बिसीका** अनुसार रुपन्देही जिल्लाको कोटहीमाई गाउँपालिकाको क्वारेण्टाइनमा रहेका २५ वर्षीय पुरुषमा कोरोना भाइरस सङ्क्रमण भएको पुष्ट्रि भएको छ। वैशाख ५ गते भारतबाट नेपाल आएका उनी क्वारेण्टाइनमा रहेका थिए ।
प्रदेश जनस्वास्थ्य प्रयोगशालाका निमित्ति प्रमुख डा. राजेन्द्र गिरीका अनुसार भारतबाट फर्किएका ती युवालाई कोटहीमाई गाउँपालिका-५ स्थित मर्चवार आर्दश माविको भवनमा निर्माण गरिएको क्वारेण्टाइनमा राखिएको थियो । उनलाई बुटवलस्थित कोरोना बिशेष अस्थायी अस्पतालको आईसोलेशन वार्डमा राखेर उपचार भइरहेको छ।
कोरोना विशेष अस्पतालका कोरोना फोकल पर्सन डा. सुदर्शन थापाका अनुसार सङ्क्रमित भनिएका युवामा कोरोना सम्त्रन्धी कुनै पनि लक्षण नदेखिएको र अवस्था सामान्य रहेको बताउनु भयो । डा. थापाका अनुसार सङ्क्रमित युवा छारेरोगको औषधि सेवन गर्दै आउनु भएको थिया ।

**इन्सेक पाल्पा जिल्ला प्रतिनिधि यज्ञमूर्ति तिमिल्सिना**का अनुसार जिल्लाका १० वटै स्थानीय तहहरूले एकद्वार प्रणालीबाट राहत सङ्कलन र वितरणको कार्यलाई अगाडि बढाएका छन् । सबै स्थानीय तहहरूले राहत वितरण निर्देशिका अनुसार निर्माण गरेको कोषबाट राहत वितरणको कार्य अगाडि बढाएका छन् । पहिलो चरणको राहत वितरण कार्य सकिए लगत्तै १० वटै स्थानीय तहहरूले यसअघि छुट भएकाहरूलाई दोस्रो चरणको राहत वितरण कार्य सुरू गरेका छन् ।
लकडाउनका कारण पठन पाठन प्रभावित भएका विद्यार्थीहरूका स्थानीय रेडियोबाट दुरशिक्षा रेडियो कार्यक्रम सञ्चालन गरिएको छ । तानसेन नगरपालिकाको सहयोगमा सामुदायिक रेडियो मदनपोखराले दूरशिक्षा पाठशाला सञ्चालन गर्दै आएको छ । पाठशालामा हरेक दिन एसइईका ६ वटा विषयमा रेडियोबाट प्रसारण भइरहेको छ। उक्त कार्यक्रम पाल्पा सहित नेपालका ३० भन्दा धेरै रेडियोले प्रत्यक्ष प्रशासरण गरिरहेका छन् ।
यसैगरी तानसेन नगरपालिकाकै सहकार्यमा युनिक एफएमले पनि कक्षा ११ र १२ लाई विद्यार्थीहरूलाई मध्येनजर गर्दै दुर शिक्षा कार्यक्रम सञ्चालन गरेको छ ।
रैनादेवी छहरा गाउँपालिकाको सहयोगमा सामुदायिक रेडियो मुक्तिनाथ, रामपुरमा रहेको पृथ्वी टेलिभिजनबाट दुरशिक्षा कार्यक्रम सञ्चालन गरिएको रामपुर नगरपालिकाका मेयर रमणबहादुर थापाले बताउनु भयो ।

**इन्सेक गुल्मी जिल्ला प्रतिनिधि टोपलाल अर्याल**का अनुसार जिल्लामा कोरोना रोकथाम तथा नियन्त्रणको लागि स्थानीय तहले राहत कोष स्थापना गरेका छन् । कोषमा प्रदेश सरकारबाट प्राप्त अनुदान, स्थानीय तहको रकम, जनप्रतिनिधी र कर्मचारी, शिक्षक लगायतले स्वच्छिक रुपमा प्रदान गरेको पारिश्रमिक र स्थानीय तहमा रहेका गैससहरूले रकम हस्तान्तरण गरेका छन् । राहत कोष मार्फत स्वास्थ्य सुरक्षाका सामग्रीहरू क्वारेण्टाइन व्यावस्थापन र अनुगमन विपन्न परिवारलाई खाद्यान्न खरिद लगायतका काममा खर्च गरिने मदाने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुरेश भण्डारीले बताउनु भयो ।

**इन्सेक दाङ जिल्ला प्रतिनिधि जयनारायण पुन**का अनुसार स्थानीय तहहरूमा आरडीटी कीटको अभाव भएको छ । अहिले बङ्गलाचुली, बबई, राजपुर र दङ्गी शरण गाउँपालिका  अभाव देखिएको छ । भने अन्य स्थानीय तहहरूमा पनि मौज्दात सकिन थालेको छ । बबई र दङ्गीशरण गाउँपालिका अहिलेसम्म कीट नपुग्दा आरडीटी परीक्षण हुन सकेको छैन ।
बङ्गलाचुली गाउँपालिकामा आएको १७ वटा  कीट कम सकिएको  स्वास्थ्य संयोजक भक्तबहादुर जिसीले बताउनु भयो । समयमा कीट नआउदा १४ दिन क्वारेण्टाइनमा बसेकाहरूले आरडीटी परीक्षणको माग गरेपनि हुन नसकेको बताउनु भयो ।
जिल्लामा आएको २ सय कीटमध्ये १ सय २० वटा जिल्ला स्वास्थ्य कार्यालयले प्रयोग गरेको र बाँकी ८० कीट स्थानीय तहलाई बाँडिएको जनस्वास्थ्य कार्यालयले  जनाएको छ । अपुग भएका कारणले सबै स्थानीय तहमा  पठाउन नसकिएको कार्यालयले जनाएको छ ।

**इन्सेक कपिलवस्तु जिल्ला प्रतिनिधि पार्बती आचार्य**का अनुसार  भारतको बढनीका विभिन्न स्थानमा रहेका क्वारण्टाइनमा ५१ जना नेपालीहरू रहेको प्रमुख जिल्ला अधिकारी दिर्घ नारायण पौडेलले बताउनु भयो ।
बिजय लघु बित्तिय संस्था लिमिटेड शाखा कार्यालय बनगाईले बाणगङ्गा नपाको दैवी प्रकोप राहत व्यवस्थापन कोषमा १० हजार रुपियाँसहयोग गरेको छ ।
मधेश मानव अधिकार गृह (माहुरी होम)ले कपिलवस्तुले बालगृह तौलीहवामा रहेका अनाथ बालबालिकाहरूलाई खाद्यान्न सहयोगका लागि  २५ हजार रुपियाँ सहयोग गरेको छ ।
यसैगरी कपिलवस्तुको शिवराज नपाले दोस्रो चरणको राहत वितरण सुरू गरेको छ । कुल ३ हजार ३ सय ७३ घर परिवारलाई राहत वितरण सुरू गरिएको प्रमुख प्रशासकीय अधिकृत शेषकान्त पौडेलले बताउनु भयो ।

**इन्सेक बाँके जिल्ला प्रतिनिधि स्मृति देवकोटा**का अनुसार नेपालगञ्ज उपमनपाका ६० वर्षीय एक जनामा कोरोना भाइरस सङ्क्रमण पुष्ट्रि भएको छ । नेपालगञ्जस्थित एक स्जीदमा सहयोगी रहेका उनी लकडाउन अघि भारत गएर आएको बताइएको छ । उनलाई खजुरा गाउँपालिकास्थित सुशील कोइराला क्यान्सर अस्पतालमा निर्माण गरिएको कोरोना विशेष अस्पतालको आइसोलेशनमा राखिएको छ । सङ्क्रमित भेट्टिएसँगै नेपालगञ्जका डिएसपी रोड, महेन्द्र पार्क, धम्बोजी चोक र एकलैनी क्षेत्र सिल गरिएको प्रमुख जिल्ला अधिकारी कुमारबहादुर खडकाले  बताउनु भयो ।
यसैगरी मस्जिदमा निगरानी बढानुको साथै सबै धार्मिक स्थलहरूमा बस्ने धर्मगुरू तथा उनका सहयोगीको कोरोना परीक्षण सुरू गरिएको प्रजिअ खडकाले बताउनु भयो ।

दोस्रो चरण अन्तरथत राप्ती सोनारी गाउँपालिका - ८ ले समशेरगञ्जमा ९५ घरपरिवारलाई राहत वितरण गरेको वडा अध्यक्ष खुमबहादुर बस्नेतले बताउनु भयो । नेपालगञ्ज उद्योग वाणिज्य सङ्घले कोरोना भाइरसका कारण उद्योग व्यवसायमा पर्न गएको प्रभावको मुल्याङ्कन गर्दै राहत प्याकेजको घोषणा गर्न सरकारसँग माग गरेको छ ।

**इन्सेक अर्घाखाँची जिल्ला प्रतिनिधि नारायण भुसाल**का अनुसार भूमिकास्थान नपा-८का ४३ वर्षीय पुरुषको आरडीटी परीक्षण पोजेटिभ आएकामा स्वाब परीक्षण रिर्पोट नेगेटिभ आएको जिल्ला अस्पतालका डाक्टर कपिल गौतमले बताउनु भयो ।
मालारानी गाउँपालिकाले क्वारेण्टाइनमा रहेका व्यक्तिहरूलाई कोरोना भाइरस आवश्यक जानकारी दिएको छ । जिल्ला प्रशासन कार्यलयले तरकारी र खाद्यान्न बस्तुको अव्सथा सम्बन्धमा अनुगन गरेको छ । तरकारीमा अनियमिता भएको गुनासो आएपछि मूल्यमा एकरुपता ल्याउने र मूल्य सूचि तयार पार्ने निर्णय गरेको छ । यसैगरी भूमिकास्थान नपाले सबै वडाका घरपरिवारलाई मास्क र साबुन वितरण गरेको छ ।

**इन्सेक रोल्पा जिल्ला प्रतिनिधि हरिसरा घर्ती**का अनुसार माडी गाउँपालिका -२ भगवती आधारभूत विद्यालयको क्वारेण्टाइनमा वैशाख १६ गते मृत्यु भएका ६२ वर्षीय तुलबहादुर परियारको स्वाव परीक्षणको रिपोर्ट नेगेटिभ आएको छ । उनी विगत केही वर्षदेखि दम रोगबाट सङ्क्रमित थिए । जिल्लामा आरडीटी किट अभावका कारण परीक्षण हुन सकेको छैन् ।
यसैगरी लकडाउनको अवधिमा रोल्पा जिल्लामा बम विष्फोटमा परी चार जना बालबालिकाको मृत्यु भएको घटनाको स्थलगत अध्ययन गर्न जिल्ला स्तरीय मानव अधिकार अनुगमन समितिको टोली वैशाख १९ गते घटना स्थल प्रस्थान गरेको छ । टोलीमा जिल्ला स्तरीय मानव अधिकार अनुगमन समितिका संयोजक घनश्याम अचार्य, सदस्यद्वय महेश न्यौपाने र टेकम प्रसाद घर्ती रहेका छन् ।

**इन्सेक नवलपरासी पशिचम जिल्ला प्रतिनिधि नारायण पराजुली**का अनुसार जिल्लामा पिसिआर प्रविधिबाट कोरोना परीक्षण सुरू गरिएको छ । जिल्लाबाट स्वाबको नमूना सङ्कलन गरी काठमाण्डौ स्थित शहिद शुक्रराज सरूवा रोग अस्पतालमा पठाइएको छ ।
**इन्सेक प्रदेश ५ कार्यालय, नेपालगञ्ज**